# रामेछाप नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रामेछाप बजार, रामेछाप
बागमती प्रदेश, नेपाल

फोन नं. ०४८-४००११७ (प्रमुख)
०४८-४००११८ (उपप्रमुख)
०४८-४००११६ (प्र.प्र.अधि.)
०४८-४०००१२ (प्रशासन)


प.सं.:
च.नं.:

## कृषि विकास कार्यक्रम सहभागिताका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८१।०८।०७ गते**

नगरकार्यपालिकाको कार्यालय रामेछाप कृषि विकास शाखाको चालु आ.व.२०८१/०८२ को संघीय शसर्त, प्रदेश स्तरीय तथा नगर स्तरीय स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिलमा उल्लेखित कृषि विकास कार्यक्रमको ५०% साझेदारीमा संचालन गर्नुपर्ने भएको हुदाँ रामेछाप नगरपालिका भित्रका ईच्छुक योग्य आवेदकहरु ( कृषि सहकारी, कृषक समूह कृषि फर्म र कृषि कम्पनीहरु) को लागि यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिन भित्र वा मिति २०८१/८/२७ गते सम्म आइपुग्ने गरी देहाय वमोजिमको कागजातहरु सहित आवेदन नगर कार्यपालिकाको कार्यालय रामेछापको कृषि विकास शाखामा आवेदन पेश गर्नुहुन "एकिकृत कृषि विकास कार्यक्रम कार्यन्वयन कार्यविधि २०८१ को दफा (३) वमोजिम यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटको लागि समावेश गराउन नसकिने वेहोरा समेत जानकारी गराईन्छ। साथै थप जानकारीको लागि नगरपालिकाको सम्पर्क नं ०४८४०००१२ वा ९७६४०२७९६१ मा सम्पर्क गर्न सकिनेछ ।

### तपशिल

| क्र.स. | कार्यक्रमको नाम | एकाई | परिमाण | वजेट रु.लाखमा | कैफियत |
|---|---|---|---|---|---|
| १ | साना सिंचाई कार्यक्रम | वटा | २० | १० | प्लाष्टिक पोखरी र सिमेन्ट पोखरी निर्माण |
| २ | नमुना फलफूल वगैचा स्थापना कार्यक्रम | हेक्टर | २ | ४ | आप, लिची, जुनार, सुन्तला, ड्रागन, एभोकाडो र कफी |
| ३ | मागमा आधारित कार्यक्रम | पटक | १ | ५ | |
| ४ | मसला वाली कार्यक्रम | पटक | १ | ३ | अदुवा, वेसार, अलैची |
| ५ | रैथाने वाली प्रवर्द्धन कार्यक्रम | हेक्टर | ३ | ३ | प्रति रोपनी ५००० अनुदान दिईने छ |
| ६ | मौरी पालन (श्रोत केन्द्र स्थापना) प्रवर्द्धन कार्यक्रम | पटक | १ | ५ | रामेछाप नगरपालिका वडा नं २ |

### आवश्यक कागजातहरु:

- कार्यक्रम उल्लेख गरिएको माग फारम निवेदन ।
- कार्यविधिको अनुसुचि ४ वमोजिमको ढाचामा तयार गरिएको प्रस्तावना पत्र ।
- कृषक समुह, सहकारी संस्था, निजि फर्म वा कम्पनीहरुको संस्था दर्ता प्रमाण पत्र, स्थायी लेखा नं. र गत आ.व सम्मको कर चुक्ता प्रमाण पत्र तथा लालपुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएको भए सम्वन्धित वडा कार्यालयबाट प्रमाणित करार सम्झौताको प्रतिलिपि।
- कृषक समुह, सहकारी संस्थाको हकमा अनिवार्य निर्णयको प्रतिलिपि तथा अख्तियारी प्राप्त व्यक्तिको नागरिकताको छायाँप्रति।
- कार्यक्रम संचालन गर्ने लागत साझेदारी वापतको रकमको लगानी गर्ने प्रतिवद्वता पत्र ।
- प्रस्तावनामा उल्लेखित एउटै प्रयोजनको लागि अन्य निकायबाट केहि कामका लागि सहयोग नलिएको स्व-घोषणा
- सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र ।

प्रमुख प्रशासकीय अधिकृत

रामेछाप नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामेछाप बजार, रामेछाप
बागमती प्रदेश, नेपाल

फोन नं. ०४८-४००११७ (प्रमुख)
०४८-४००११८ (उपप्रमुख)
०४८-४००११६ (प्र.प्र.अधिकृत)
०४८-४०००१२ (प्रशासन)

प.सं.: ०८१/०८२
च.नं.: ५४०

मिति: २०८१/०८/०७ गते
ने.स. ११४५ कछलागा, ७ शुक्रबार

**विषय: कृषि विकास कार्यक्रमको सूचना टास गरिदिने सम्बन्धमा ।**

श्री वडा कार्यालय सबै
रामेछाप नगरपालिका रामेछाप ।

प्रस्तुत सम्बन्धमा रामेछाप नगरपालिका कृषि विकास शाखाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कृषि विकास कार्यक्रमहरु ५० प्रतिशत लागत साझेदारी सम्बन्धित मिति २०८१।०८।०७ मा प्रकाशित सूचना १ प्रति यसै पत्रसाथ संलग्न राखि पठाईएको छ । उक्त सूचना तँहा कार्यालयको सूचना पाटिमा टास गरि सो को जानकारी गरिदिनु हुन अनुरोध छ ।

..........
(भोलाप्रसाद चापागाईं)
प्रमुख प्रशासकीय अधिकृत

भोला प्रसाद चापागाईं
प्रमुख प्रशासकीय अधिकृत



CamScanner